भंगहा नगरपालिका, महोत्तरी
मधेश प्रदेश, नेपाल







# पहुँच परियोजना सफलताका कथाहरू









# पहुँच परियोजना
# सफलताका कथाहरू

# भंगहा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

पत्र संख्याः- ०८१/०८२ | भंगहा, महोत्तरी । | मधेश प्रदेश, नेपाल ।

चलानी नं.:- | | मितिः- २०८२/०१/०९

Bhangha Municipality
Office Of Municipal Executive
Bhangha, Mahottari
Madhesh Province, Nepal
2074

## भनाइ



नेपालको संविधान २०७२ ले सामाजिक सुरक्षालाई नागरिकको हकको रुपमा स्थापित गरिदिएको छ । समाजमा पछाडी परेका, असाहय, जोखिम तथा संकटासन्नतामा रहेका नागरिकहरुलाई राज्यको तर्फबाट सामाजिक सुरक्षाको प्रत्याभूतिका लागि संघीय सरकार, प्रदेश सरकारका साथसाथै स्थानीय सरकारले पनि विभिन्न कार्यक्रमहरु निर्माण गरि सञ्चालन गरिरहेको छ । यस नगरपालिकामा पुहँच परियोजनाले सन् २०२२ देखि सरकारको प्राथमिकतामा रहेको सामाजिक सुरक्षा कार्यक्रमहरुलाई नागरिक सम्मको सहज पहुँचमा लैजानका लागि प्रभावकारी रुपमा कार्यक्रम सञ्चालन गर्दै आएको छ । यसै सन्दर्भमा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न छुटेका व्यक्तिहरुलाई आवश्यक सहयोग तथा समन्वय गरि उनीहरुलाई पहुँचमा ल्याउने र बाल पोषण भत्ता प्राप्त गर्ने बालबालिकाका अभिभावकहरुलाई बालबालिकाको उचित स्याहार सुसार, उनीहरुसँग सुमधुर सम्बन्ध स्थापना तथा पोषण सम्बन्धि अभिभावक सचेतना कार्यक्रम पनि सञ्चालन गर्दै आएको छ । यो कार्यक्रमले साच्चिकै बालबालिकाको सर्वाङ्गिण विकासमा महत्वपूर्ण भूमिका खेलेको देखिएकोले यस नगरपालिकाले पनि सहकार्य गर्दै आईरहेको छ । परियोजनाका क्रियाकलापहरुद्वारा लाभग्राहीहरुमा परेको सकारात्मक प्रभावहरुलाई समेटेर सफलताका कथाहरु प्रकाशन गर्ने योजना जुन रहेको छ यो साह्रै सह्रानीय छ र जुन कथाहरु नगरपालिकाको वेबसाईटमा राखेर नागरिकलाई सुसुचित गर्दा यसको प्रभावकारीता अझ बढी रहने भएकोले यसका लागि सहयोगी हातको रुपमा रहेकोमा सेभ द चिल्ड्रेन र सामुदायिक विकास तथा पैरवी मञ्च नेपाल (CDAFN)लाई धन्यवाद दिन चाहन्छु । पहुँच परियोजनाले हाम्रो पालिकामा गरेको यो प्रभावकारी कार्यको म प्रशंसा गर्न चाहन्छु र भविष्यमा यस्तै कार्यक्रमको अपेक्षा गर्दछु ।

.....................................
नगर-प्रमुख
संजिव कुमार साह
Sanjib Kumar Sah
Mayor

# भंगहा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

पत्र संख्या:- ०८१/०८२
चलानी नं.:-

भंगहा, महोत्तरी ।

मधेश प्रदेश, नेपाल ।
मितिः- २०८२/०१/०९

भंगहा नगरपालिका नगर कार्यपालिकाको कार्यालय भंगहा, महोत्तरी मधेश प्रदेश, नेपाल २०७४

## भनाई



सामाजिक सुरक्षा भत्ता तथा अभिभावक सचेतना कार्यक्रम सेभ द चिल्ड्रेन र सामुदायिक विकास तथा पैरवी मञ्च नेपाल (CDAFN) को साझेदारी तथा यस नगरपालिकाको सहकार्यक्रमा सन् २०२२ देखि सञ्चालन भईरहेको छ । परियोजनाले सामाजिक सुरक्षा भत्ताका लागि योग्य भएर पनि विभिन्न कारणले छुटेका व्यक्तिहरुको पहिचान गरि उनीहरुलाई भत्ताको पहुँचमा ल्याउन प्रभावकारी भूमिका रहेको छ । यसका साथै बाल पोषण भत्ता प्राप्त गर्ने बालबालिकाका अभिभावकहरुलाई अभिभाव सचेतना कार्यक्रम पनि सञ्चालन गरि बालबालिकाको विकासमा महत्वपूर्ण भूमिका खेलेको कुरा मैले प्रत्यक्ष रुपमा अनुगमनको दौरान महशुस गरेको छु । परियोजनाले पारेको प्रभावलाई लिएर पालिकासँगको सहकार्यमा सफलताका कथाहरु निर्माण गर्न सहयोगी भूमिका खेलेकोमा परियोजनाको सम्पूर्ण टिमलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

.................................
नगर-उपप्रमुख
शान्ति कुमार सिंह

शान्ती कुमारी सिंह
नगर उप-प्रमुख

# भंगहा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

पत्र संख्या:- ०८१/०८२

चलानी नं.:-

भंगहा, महोत्तरी ।

मधेश प्रदेश, नेपाल ।

मितिः- २०८२/०१/०९

## भनाई



बाल संवेदनशील सामाजिक सुरक्षा परियोजना सेभ द चिल्ड्रेन सामुदायिक विकास तथा पैरवी मञ्च नेपाल (CDAFN) को साझेदारी र यस नगरपालिकाको सहकार्यमा सन् २०२२ देखि सञ्चालन भईरहेको छ । परियोजनाले सामाजिक सुरक्षा भत्तामा नागरिकहरुको पहुँच सुनिश्चित गर्न विभिन्न गतिविधि सञ्चालन गर्दै आईरहेको छ र जसले गर्दा वास्तविक सहयोगको आवश्यकता भएका र सूचनाको पहुँचबाट बाहिर रहेका विपन्न तथा जोखिममा रहेका समूदायलाई सामाजिक सुरक्षा भत्तामा दर्ताको लागि प्रभावकारी रुपमा कार्य गर्दै आइरहेको छ । यस साथसाथै बालबालिका र अभिभावकबीचको सु सम्बन्ध स्थापना गर्न, बालबालिकाको उचित स्याहार सुसारका लागि अभिभावक सचेतना कार्यक्रम पनि सञ्चालन गरिरहेको छ । अभिभावक सचेतना कार्यक्रमले समुदायका विशेष गरि आमाहरुको बालबालिकालाई हुर्काउने परम्परागत हानिकारक अभ्यासहरुलाई घटाउदै बालबालिकालाई सकारात्मक तवरबाट कुराकानी तथा स्याहार सुसार गर्ने वातावतरणको सृजना भएको छ । परियोजनाले नगरपालिकासँगको सहकार्यमा आफ्ना गतिविधि निर्माण गरि स्थानीय सरकारको नीति तथा कार्यक्रममा सहयोगी भूमिका खेलेको छ । यसै सन्दर्भमा परियोजना सञ्चालनका करण लाभग्राहीमा परेका सकारात्मक प्रयासहरुलाई समेटेर सफलताका कथा प्रकाशन गर्न र यस पालिकाको वेवसाईटबाट उक्त कथाहरु प्रकाशन गर्न सहयोगी भूमिका खेल्नुभएकोका सेभ द चिल्ड्रेन र सामुदायिक विकास तथा पैरवी मञ्च नेपाल (CDAFN) लाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

.............................

नि.प्रमुख प्रशाशकिय अधिकृत

राम सागर यादव

नि. प्रमुख प्रशासकीय अधिकृत

# पहुँच परियोजनाको एक संक्षिप्त परिचय

**परियोजनाको नामः** बाल संवेदनशील सामाजिक सुरक्षा परियोजना (पहुँच)
**परियोजनाको अवधिः** सन् २०२२ जनवरीदेखि २०२५ डिसेम्बरसम्म
**परियोजना कार्यान्वयन गर्ने स्थानीय साझेदार संस्थाः** सामुदायिक विकास तथा पैरवी मञ्च नेपाल, (CDAFN) बर्दिवास–१, महोत्तरी ।
**परियोजनाको कार्यक्षेत्रः** भंगहा नगरपालिका, महोत्तरीका ९ वटा वडा (सबै)
**सहयोगी संस्थाः** सेभ द चिल्ड्रेन
**परियोजनाले काम गर्ने मुख्य क्षेत्रहरूः**

- नेपाल सरकारद्वारा प्रदान गरिने सामाजिक सुरक्षा भत्ता कार्यक्रमको प्रभावकारी कार्यान्वयन प्रणाली सवलीकरणको लागि स्थानीय सरकारसँग समन्वय तथा सहकार्य गर्ने,
- सामाजिक सुरक्षा भत्ताका लागि योग्य तर विविध कारणले यसबाट वञ्चित व्यक्तिहरूको पहिचान गरि उनीहरूलाई सामाजिक सुरक्षा भत्ता प्राप्तिको लागि दर्ता प्रकृयामा ल्याउन आवश्यक सहयोग र सहजीकरण गर्ने,
- बाल पोषण भत्ता प्राप्त गर्ने बालबालिकाका अभिभावकहरूलाई अभिभावक शिक्षा कार्यक्रम सञ्चालनका लागि स्थानीय सरकारसँग समन्वय तथा सहकार्य गर्ने,
- जोखिम तथा संकटासन्नतामा रहेका नागरिकहरूलाई सामाजिक सुरक्षा प्रदान गर्न स्थानीय सरकारको नीति निर्माणमा सहयोग गर्ने ।

## सन् २०२२ देखि हालसम्म परियोजनाले हाँसिल गरेका प्रमुख उपलब्धिहरूः



नगरपालिकाका सबै ९ वडाका १३ जना महिलाले अभिभावक कक्षा सहजीकरण सम्बन्धि तालिम प्राप्त गरि समूदायस्तरमा अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गरिरहेका छन् ।



३०१ जना अभिभावकले अभिभावक सचेतना कार्यक्रमका १२ वटा साप्ताहिक कक्षामा सहभागी भई नमुना अभिभावकको रूपमा आफूलाई समुदायमा चिनाएका छन् र अन्य अभिभावकहरूलाई पनि असल अभिभावक बन्नका लागि उत्प्रेरित गरिरहेका छन् ।



नेपाल सरकारले प्रदान गर्ने सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न योग्य तर छुटेका भनि पहिचान भएका जम्मा २,३९५ जना व्यक्तिहरु मध्ये बालपोषण भत्ताको लागि २,०१९ जना, पूर्ण अपाङ्गता भत्ताको लागि २८ जना, अति अशक्त अपाङ्गता भत्ताको लागि ७६ जना, ज्येष्ठ नागरिक भत्ताको लागि १०८ जना, विधवा भत्ताको लागि २९ जना, एकल महिला भत्ताको लागि ८ जना  व्यक्तिहरु सामाजिक सुरक्षा  भत्ता कार्यक्रममा दर्ता भई सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका छन् ।



पालिकाको प्रणाली सवलीकरणको क्षेत्रमा केही उल्लेख्य कार्य भएका छन्, जस्तै— सामाजिक सुरक्षा नीति निर्माण, अभिभावक सचेतना कार्यक्रम निर्देशिका निर्माण, सामाजिक सुरक्षामा सबैको पहुँच सुनिश्चितताका लागि आधारभूत कार्यविधि निमार्ण भई कार्यान्वयन भइरहेको छ ।

# स्थानीय जनप्रतिनिधिहरुको भनाई

अपाङ्गता भएकी रुना कुमारीको अवस्था अति नै दयनीय रहेको थियो । सामुदायिक विकास तथा पैरवी मंच नेपालले सामाजिक सुरक्षा भत्तामा सामेल गरायो । जन्मदर्ता शिविर, अपाङ्गता शिविर, सार्वजनिक सुनुवाई, वडामा गुनासो सुनुवाई जस्तो गतिविधिले मानिसमा जनचेतना भएको छ । **लक्ष्मी नारायण साह, वडा नं. १**

अपाङ्गता भएका व्यक्ति सजन सदा जसलाई नागरिकता नभएको कारण वर्षौंदेखि अपाङ्गता भत्ताबाट वञ्चित थिए । जलेश्वर जिल्ला प्रशासनसम्म लगि नागरिकतामा लाग्ने खर्चदेखि टेम्पो भाडाको खर्च सबै संस्थाले तिरेर एउटा गरिब परिवारलाई उदार कार्य गरेको छ । त्यसका साथै नगरपालिकासँगको समन्वयमा अपाङ्गता शिविर सञ्चालन गरी अपाङ्गता परिचय–पत्र पनि दिलायो । अहिले उहाँले प्रति महिना रु. ३९९० रुपैयाँ पाईरहनु भएको छ । **इन्द्र शेखर पजियार, वडा नं. २**

अभिभावक कक्षाबाट जुन समुदायमा भएको परिवर्तन म आफ्नै आँखाबाट देख्न पाउँदा मलाई खुशी लागेको छ । आमाहरू र बच्चाहरूलाई माया ममता साथ पालनपोषण गरिरहेको देखे र परिवारमा पनि एक आपसमा मिलिजुली बसेको देखेको छु । जुन अत्यन्तै राम्रो छ । आगामी दिनमा पनि भँगाह नगरपालिकामा यसरी नै काम गरिदिनुहुन हार्दिक अनुरोध गर्दछु । **जितेन्द्र कुमार सिंह, वडा नं. ३**

बालसंवेदनशील कक्षा मेरै घरमा चलेको थियो र आमाहरू प्रत्यक्षरूपमा सहभागी भई व्यवहारमा पनि परिवर्तन गरेको देख्न पाएको छु । बच्चासँग गरेको मायाममता र सँगै रहेर खेलेका खेलले बालबालिकामा रमाइलोपना आएको मलाई महसुस भएको छ । **गणेश प्रसाद महतो, वडा नं. ४**

पहुँच परियोजना र नगरपालिकाको साझेदारीमा गुनासो सुनवाई समिति गठन गरेर प्रत्येक ३÷३ महिनामा वडामा जन्मदर्ता गर्न छुटेका व्यक्तिहरूलाई पहिचान गर्ने गर्छु र धैरे जसोलाई सचिवसँगको पहलमा जन्मदर्ता गराएको छुर । **शिव कुमार महतो, वडा नं. ५**

गुनासो सुनवाई समितिले सामाजिक सुरक्षा भात्तामा छुटेका लाभग्राहीहरूको पहिचान गरी उनीहरूलाई भत्ताको पहुँचमा पुर्याउन सफल भएको छु । **शिव कुमार महतो, वडा नं. ५**

गुनासो सुनुवाई समिति गठन गरेर बैठक आयोजना गर्दा धैरै फाइदा भएको छ । बैठकले गर्दा अपाङ्गता भएका व्यक्तिहरूलाई पहिचान गर्न सफल भएको छु र पूर्ण अपाङ्गता भएका व्यक्तिलाई पहुँच परियोजना र पालिकासँगको सहकार्यमा अपाङ्गता भएका व्यक्तिहरूलाई परिचयपत्र दिलाउन सफल भएको छु । **नरेश साह सोनार, वडा नं. ७**

लाभग्राहीहरू प्रत्यक्ष रूपमा लाभ लिन सकुन भन्ने उद्देश्यले वर्षौंदेखि अपाङ्गता भत्ताबाट वञ्चितहरूलाई पहुँच परियोजना र नगरपालिकासँगको समन्वयमा जम्मा २३ जनालाई अपाङ्गता परिचय–पत्र बनाउन सकियो । **सरिफ कबारी, वडा नं. ८**

सामाजिक सुरक्षा र जन्मदर्तामा धैरै व्यक्ति छुटेका थिए । पहुँच परियोजनामार्फत गुनासो सुनुवाइ समितिको बैठकमा छलफल गरी, टोलटोलमा घर–घर गएर छुटेका लाभग्राहीहरूको पहिचान गरी आवश्यक सहयोग गरिएको छ । यस कार्यका लागि धैरै धैरै धन्यवाद।। **राजबाबु यादव, वडा नं. ९**

# "बाबुनानीलाई उनीहरूको राम्रो कामको प्रसंशा गर्ने गरेकी छु"

मेरो नाम सुशिला हो । म भंगहा नगरपालिका वडा नं. २ मा बस्छु । घरको कामको व्यस्तताले मलाई बच्चाहरूलाई कसरी हेरचाह गर्ने, कसरी समय दिने, उनीहरूले सोधेका प्रश्नको उत्तर कसरी दिने ? भन्ने कुरामा मैले ध्यानै दिएको थिईन । कहिलेकाही बच्चाहरूले बोलाउँदा पनि झर्को लाग्दथ्यो र नबोलाउ भन्थेँ, मोबाइलमा र आफ्नै काममा मात्र ध्यान दिने बानी ममा थियो । उनीहरूका कुराले मलाई झर्को लाग्दथ्यो । कुनैकुरा भन्नु पर्यो भने बुवालाई भन, मलाई थाहा छैन भन्ने गर्थें ।

मेरो बच्चाहरूलाई वेवास्ता गर्ने बानी अभिभावक कक्षाले परिवर्तन गरिदियो । म नियमित रूपमा कक्षामा सहभागी भैरहेँ । बुझ्दै जाँदा महसुस भयो कि ! हामी अभिभावक जे पनि गरिरहेका छौँ, त्यो बच्चाहरूकै लागि हो नि ! फेरि किन हामी उनीहरूलाई वास्ता गर्दैनौँ, समय दिदैनौँ ? मैले मेरा छोराछोरीलाई गरेको व्यवहार, उनीहरू भन्दा घरको कामलाई बढी महत्व दिएको कुरा, उनीहरूले कुरा गर्न खोज्दा पनि वास्ता नगर्दा उनीहरूको अनुहारमा देखिएको निराशपन आदि सम्झेँ । बालबालिकालाई ठूलो होईन राम्रो मान्छे बनाउनुपर्छ भन्नेकुरा अभिभावक कक्षाले मलाई सिकायो ।

अहिले बच्चाहरूसँग कुराकानी गर्ने, उनीहरूका कुरा सुन्ने गरेकी छु । पहिला छोराछोरीले केही बिगार्ने बित्तिकै सजाय दिईहाल्थे । सजायले नै उनीहरूको बानी शान्त बनाउन चाहन्थे तर त्यो गलत रहेछ भन्ने अहिले बुझेँ । अहिले म मेरो बाबुनानीलाई सँगै राखेर उनीहरूको राम्रो कामको प्रसंशा गर्छु, जसले गर्दा उनीहरू खुसी भएको महसुस गरेकी छु । उनीहरूले गर्न सक्ने काम उनीहरूलाई नै गर्न दिन्छु । अहिले आएर महसुस भयो बच्चा भन्दा ठूलो कुनै काम हुदैन भनेर ।

म आफ्नो पालिकासँग के पनि अनुरोध गर्छु भने, यस्ता कर्यक्रम भंगहा नगरपालिका भरी लागू गरी सबै महिला दिदीबहिनीलाई म जस्तै आफ्नो बालबालिकालाई सुधार्ने र राम्रो बनाउनको निम्ति सचेत गराउनुहोस् ।


जन्म दर्ता प्रमाणपत्र
(Birth Registration Certificate)

# अभिभावक शिक्षाले चन्द्रकलाको परिवार मै आयो परिवर्तन

निम्न माध्यमिक शिक्षा हासिल गरेकी चन्द्रकला भंगहा नगरपालिका ४ मा बस्छिन् । उनकी एउटी छोरी छिन् । चन्द्रकलाको प्रेम विवाह भएको थियो । प्रेम विवाहकै कारणले परिवारमा खासै मेलमिलाप पनि थिएन । त्यही बेला उनको गाउँमा अभिभावक शिक्षा कार्यक्रम सञ्चालन भएको थियो । उनी नियमित रूपमा कक्षामा सहभागी हुने गर्थिन् । अभिभावक शिक्षाका कक्षाहरूमा भएका छलफलहरूले उनको आफ्नो जीवनमा प्रत्यक्ष प्रभाव पार्यो । परिवारमा मेलमिलाप, आफूलाई अरूको ठाउँमा राखेर व्यवहार गर्नुपर्छ भन्ने समानुभूतिको पाठले उनको जीवनमा सकारात्मक प्रभाव पार्यो । उनले सधैँझैं कक्षामा छलफल भएका कुराहरू परिवारमा सुनाउने गर्ने गर्थिन् । सासूससुरासँग कुराकानीलाई बढाउन थालिन् । शुरुशुरुमा गाह्रो भएपनि विस्तारै यसले गर्दा घरमा उनलाई हेर्ने दृष्टिकोणमा परिवर्तन हुँदै आयो ।

उनले परिवारमा फजुल खर्च घटाउने र बचत गर्नुपर्ने कुरामा सासूससुरासँग राम्ररी कुरा गरिन् । हाल उनको ससुराले चन्द्रकलालाई राम्रो मान्छन् र उनका कुरामा विश्वास गर्ने गरेका छन् ।

> ***“मेरो बुहारीले मैले गर्ने फजुल खर्चको बारेमा बताई मलाई त्यसबाट बाहिर ल्याउन मद्दत गरिन् ।”***
>
> **— चन्द्रकला**

चन्द्रकलाले आफ्नी छोरीलाई बढी समय दिने, उसलाई पढाउन सहयोग गर्ने गर्छिन् । छोरीलाई पढाएर असल मान्छे बनाउने उनको सोच छ । खेतबारीमा गरेको कामबाट भएको आम्दानीबाट बचत गर्ने गरेकी छिन् । चन्द्रकलाको ससुराले नातिनीलाई समय दिने, उसँग खेल्ने, कुरा गर्ने गरेका छन् ।

उनी भन्छिन्

> ***“अभिभावक कक्षामा सहभागी नभएको भए मेरो पारिवारिक सम्बन्ध सायद यति राम्रो हुदैनथ्यो होला । अभिभावक कक्षाले बालबालिकासँगको सम्बन्ध मात्र होईन पारिवारिक वातावरणमा पनि सकारात्मक प्रभाव पार्ने रहेछ भन्ने लागेको छ ।”***



# अपाङ्गता भत्ताले देखायो विद्यालयको बाटो

भंगहा नगरपालिकामा बस्ने वर्ष ५ का कार्तिक शारीरिक रूपमा अपाङ्गता भएका बालक हुन् । उनले पहिले बाल पोषण भत्ता पाउने गरेका थिए तर नवीकरण नभएका कारण उनको भत्ता रोकिएको थियो र परिवारले पनि नवीकरण समयमै गर्नुपर्छ भन्ने कुरा जानकारी पाएका थिएनन् । अपाङ्गता भएको कारण कार्तिकलाई स्याहारसुसारको थप आवश्यकता थियो तर परिवारले उनलाई समय दिन सकेका थिएनन् । त्यसले गर्दा बिस्तारै कार्तिकलाई गाह्रो हुँदै गएको थियो । शुरुशुरुमा १, २ वर्षको उमेरमा उनी बोल्ने, खेल्न खोज्थे तर उचित ध्यान नपाउँदा बिस्तारै कम बोल्न थाले र पछि बोल्नै छाडे ।

यसै बीचमा सामुदायिक विकास तथा पैरवी मञ्चको सहयोगले कार्तिकले जन्मजातै अपाङ्गता भएका बालबालिकाको रूपमा "क" वर्गको अपाङ्गता परिचय–पत्र प्राप्त गरे । अहिले कार्तिकले मासिक ३९९० रुपैयाँ का दरले सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न थालेको छ ।

भत्ताको पैसाले कार्तिकलाई पोषणयुक्त खाना, औषधि उपचार गर्न सहयोग भईरहेको छ । आजकाल पोषिलो खाने कुरा पाएर होला कार्तिक अलि अलि बोल्न थालेका छन् । भाइ र अन्य साथीहरूसँग पनि खेल्न खोज्दछन् । भाइ र अरू साथीहरू विद्यालय गएको देखेर उनीपनि विद्यलाय जानको लागि कोशिस गरेको देखेर उनको आमाले बोकेरै विद्यालय पुर्याएकी थिईन । यो देखेर विद्यालय, वडा कार्यालय र संस्थाको सहयोगले कार्तिकलाई ह्वील चियर प्रदान गरिएपछि उनी अहिले विद्यालय गएर कक्षा १ मा पढ्न सुरुवात गरेका छन् ।



# “अपाङ्गता भत्ताले घरपरिवारको खर्च चलेको छ”

मेरो नाम कोशीला देवी हो । म भंगहा नगरपालिका वार्ड नं.१ मा बस्छु । म एक शारीरिक अपाङ्गता भएको महिला हुँ । अपाङ्गता भएकै कारणले म वेवास्ता र हेलाको जीवन जिउन पुगेकी थिएँ । मैले अपाङ्गता भत्ता पाउँछु भन्ने कुराको जानकारी मलाई थिएन । त्यसैले अपाङ्गता परिचय–पत्र पनि बनेको थिएन । मेरो जीवन असहज रूपमा चलिरहेको थियो ।

यसै क्रममा सामाजिक सुरक्षा भत्ता पाउन योग्य तर छुटेका व्यक्तिहरूको तथ्याङ्क सङ्कलन गर्ने क्रममा मैले मेरो नाम पनि टिपोट गराएँ । मलाई पहुँच परियोजना र वडा तथा नगरपालिकाको समन्वयमा अपाङ्गता परिचय–पत्र बनाउन सहयोग मिल्यो । अपाङ्गता परिचय पत्र शिविरसम्म पूग्न र फर्कनका लागि यातायातको व्यवस्था पनि मिलाइदिनु भयो । सबै आवश्यक कागजात हेरी, सम्बन्धित समितिमा छलफल गरी आवश्यक प्रक्रिया पछि मैले "क" वर्गको रातो अपाङ्गता परिचय–पत्र पाएँ । अहिले म मासिक ३,९९० रुपैयाँ पाइरहेको छु । त्यही पैसाले मेरो घरपरिवारको केही खर्च चलेको छ । औषधि उपचार पनि गर्न केही सहयोग भएको छ ।

संस्था र नगरपालिकाले ह्वील चियर पनि दिनु भएको छ । अहिले संसार देख्न पाएकी छु । घुम्न पाएको छु । म अहिले अपाङ्गता भएका व्यक्तिलाई सहयोग गर्ने महोत्तरी जिल्लाको अपाङ्ग संघको उपाध्यक्ष पनि भएकी छु र अपाङ्गता भएको व्यक्तिलाई सहयोग पनि गरिरहेकी छु । यसरी अपहेलित जीवन यापनबाट यो स्थानसम्म आइपुग्नका लागि सहयोग गर्नुहुने सबैलाई धन्यवाद दिन चाहन्छु ।



# "बालबालिका पनि हामी जस्तै मान्छे हुन् भन्ने कुरा महशुस भयो "

मेरो नाम ममता हो । म अभिभावक शिक्षा कार्यक्रमका सम्पूर्ण कक्षामा सहभागी भएको थिएँ । कक्षामा हाम्रो गाउँका अरू दिदीबहिनीहरूसँग हामीले बालबालिकालाई कसरी स्याहार सुसार गर्ने, उनीहरूसँग कस्तो व्यवहार गर्नुपर्दछ भन्ने बारेमा छलफल गर्ने गर्दथ्यौं । छलफल गर्दै जाँदा आफूले आफ्ना बच्चाहरूलाई गरेको व्यवहारले उनीहरूलाई कस्तो असर परेको रहेछ भन्ने कुरा महसुस भयो । पहिले म आफ्नो बालबालिकालाई गल्ती गरेपछि प्रायः शारीरिक सजाय नै दिने गर्दथें । उनीहरूलाई नराम्रो व्यवहार गर्थें । केही कुरा सोध्दा म झर्केर कुरा गर्थें, त्यति बालबालिकालाई ध्यान दिदैनथें, केही गर्न आउँदा तिमी बच्चा छौं भनेर हामी ठुला मान्छे भएको ठाउँमा के गर्न आएको ? तिमी उता जाऊ यहाँबाट, तिमीहरूले ठुलोको कुरा सुन्नु हुँदैन भनेर बस्न दिदैनथें ।

अभिभावक कक्षामा सहभागी भएपछि मैले मेरा बाबुनानीहरूमाथि धेरै गल्ती गरेको महसुस गरें । उनीहरू पनि हामीजस्तै मान्छे हुन् । उनीहरूको पनि आशा, इच्छा र चाहना हुन्छ भन्ने कुरा मैले बुझें । मैले त उनीहरूलाई बस्तुको रूपमा हेरेको रहेछु भन्ने कुराले मलाई दुःखी बनाउँछ । मैले मेरा छोराछोरीलाई सिकाउन र बुझाउनु पर्ने कुरा थाहा पाएँ । अहिले म आफ्नो बच्चाहरूको कुरा सुन्ने गरेकी छु । उनीहरूको चाहना के हो ? बुझ्ने गरेकी छु । धेरै मान्छे भएको ठाउँमा घुमाउन लगिरहेको छु, किनकि मेरी छोरीको दिमागको विकास राम्रो होस् । मेरी छोरीले अहिले धेरै कुरा सिकेकी छिन् । अरूसँग नडराउने, नमस्ते गर्ने, बोल्ने बानिको विकास भएको देख्दा मलाई खुसी लाग्छ ।



# अपाङ्गता भत्ताले साजनले थप स्याहार पाइरहेकी छिन्

साजन २२ वर्षकी भईन् । उनी बहु अपाङ्गता भएकी महिला हुन् । ठूलो परिवार र आर्थिक स्थिति कमजोर भएको कारण उनले परिवारबाट उचित स्याहार सुसार पाएकी थिइनन् । साजनलाई परिवारले दुर्भाग्यको रूपमा लिने गरेका थिए । उनलाई परिवारले बोझको रूपमा लिएको थियो ।

*"साजनको १६ वर्षको उमेरदेखिनै अपाङ्गता परिचय-पत्र बनाउन प्रयास गरेँ तर सकिरहेकी थिएन भने अपाङ्गता भएका व्यक्तिले सामाजिक सुरक्षा भत्ता पाउँछन् भन्ने पनि मलाई थाहा थिएन । धेरै वर्षपछि सामुदायिक विकास तथा पैरवी मञ्च नेपाल, सेभ द चिल्ड्रेन र नगरपालिकाको सहयोगले मेरी छोरीको नागरिकता र अपाङ्गता परिचयपत्र बन्यो ।"*

**– साजनकी आमा**

साजनलाई अपाङ्गता शिविर देखि पालिकासम्म लगेर अपाङ्गताको वर्गीकरण अनुसार "क" वर्गको रातो अपाङ्गता परिचय–पत्र प्राप्त भयो । संस्था र भँगाहा नगरपालिकाले बैंक खाता खोल्न सहजीकरण गर्नुभयो । हाल साजनले अपाङ्गता भत्ता मासिक ३,९९० रुपैयाँ पाइरहेकी छिन् । त्यो पैसाले उनको लागि कपडा, खाना र उपचारमा पनि सहयोग भइरहेको छ ।

साजनलाई अहिले परिवारमा हेर्ने आँखा नै फरक भएको छ । सबैले उनलाई माया गर्न थालेका छन् । साजनको स्याहारसुसारका लागि सजिलो भएको छ ।

साजनकी आमा भन्छिन्

*साजन अहिले खुसी छिन् । घरमा दाजुभाइको व्यवहारबाट उनी खुसी भएकी छिन् । मैले उनलाई बिहान र बेलुका घुमाईफिराई गर्ने, कपाल कोरीदिने गर्छु ।*

अपाङ्गता भत्ताले साजनको परिवारमा खुशी ल्याएको छ र साजनले पनि उचित स्याहार पाईरहेकी छिन् ।



# “बच्चाको पनि इच्छा, चाहना हुन्छ भन्ने कुरा बुझेँ”

मेरो नाम चन्दा देवी हो । म भंगहा नगरपालिका–२ मा बस्छु । मलाई जे मन पर्थ्यो बालबालिकालाई त्यही मनपर्छ भन्ने लाथ्यो र खाना खाजा मलाई जस्तो मन पर्थ्यो बनाउँथेँ र खान पनि दिन्थेँ । मेरा बच्चालाई तातो, चिसो कस्तो चाहिन्छ नसोधी खाना खान दिन्थेँ । म भित्र बच्चाको इच्छाको कदर गर्ने बानी नै थिएन । जसरी मलाई मेरो आमाबुबाले हुर्काउनु भएको थियो त्यसरी नै म पनि मेरो बच्चाहरूलाई हुर्काइराखेको थिएँ र मेरा छोराछोरी पनि हुर्किहाल्छन् भन्ने लाग्थ्यो । कुनै कुरा गल्ती गर्ने बित्तिकै कराईहाल्ने मेरो बानी थियो ।

जब म बालसंवेदनशील अभिभावक शिक्षा कार्यक्रममा बसेँ तब मलाई बच्चाको पनि इच्छा, चाहना हुन्छ, उनीहरूसँग जति कुरा गर्न सक्यो त्यति राम्रो हुने रहेछ भन्ने कुरा बुझेँ । आफ्ना छोराछोरीले भने अनुसार र मनपरे अनुसार खाजामा खिचरी बनाउन सुरु गरेँ । मलाई समयसमयमा "ममी मलाई तपाईं धेरै माया गर्नु हुन्छ" भन्छन् । अहिले आएर छोराछोरीसँग आँखामा आँखा जुधाएर कुराकानी गर्ने बानि बसेको छ जसले गर्दा उनीहरूको आत्मविश्वास बढेको मैले महसुस गरेकी छु । बाबुनानीको कुरा सुनेपछि मात्र निर्णय गर्ने अभ्यास गर्न थालेकी छु । अहिले मैले गरेको छोराछोरीप्रतिको व्यवहारले मेरो श्रीमान् पनि खुशी हुनुहुन्छ । अहिले म र मेरो बच्चाको सम्बन्ध धेरै नै नजिकिएको छ । यो कार्यक्रम समाजमा भएका अरू बालबालिकाको आमाहरूलाई पनि दिँदा बालबालिकाको सर्वाङ्गीण विकासमा टेवा पुग्दछ भन्ने विश्वास मलाई लागेको छ ।



# “सँगसँगै खेल्दा छोरी खुसी हुन्छिन्”

मेरो नाम रबिना हो । म भंगहा नगरपालिकामा ६ मा बस्छु । मैले गर्भवती हुँदा पोषणको विषयमा सञ्चालन भएको सत्रमा बस्ने अवसर पाएँ । जसमा पोषणका विषयमा भएका ज्ञानवद्र्धक कुराले मेरो जीवनमा ठुलो परिवर्तन भएको छ ।

बालबालिकालाई गरिने हेरबिचार, रेखदेख, गर्भवती अवस्थामा ८ पटक गर्भ जाँच, सुत्केरी भएपछि चार पटकसम्म आमा र बच्चाको स्वास्थ्य परीक्षण गर्नुपर्ने, कुनकुन समयमा कुनकुन औषधि खाने जस्ता धेरै कुराहरूको जानकारी पाएँ । जसले गर्दा मैले एउटा स्वस्थ बच्चालाई जन्म दिएँ । मेरो घरपरिवार र मेरो श्रीमान्, सबै जना, पहिलो सन्तान छोरी भएकोले लक्ष्मीको आगमन भयो भनेर खुशी हुनुभयो ।

छोरी जन्मिसकेपछि फेरि म बाल संवेदनशील अभिभावक सत्रमा सहभागी भएको थिएँ, जसमा बालबालिकासँग कस्तो व्यवहार गर्ने भन्ने बारेमा छलफल भएको थियो । बाल संवेदनशील अभिभावक सत्रमा सिकाएका क्रियाकलाप अनुसार म आफ्नो छोरीमा लागू गरिरहेकी छु । छोरीलाई कुनै कुरा सिकाउँदा त्यो कुराको बारेमा स्पष्टसँग बताउने गरेकी छु । मेरो छोरीलाई रातो फ्रक धेरै मन पर्छ, मैले उनीलाई रातै फ्रक किनिदिएकी छु । उनीलाई बल पनि राम्रो लाग्छ । म र मेरी छोरी सधै सँगसँगै बल खेल्ने गर्छौं । मसँग बल खेल्दा मेरी छोरी एकदमै खुशी हुन्छिन् । उनले बालबालिकाले बालापनमा पाउनु पर्ने माया पाएकी छिन् । उनको शारीरिक विकास पनि राम्रो भएको छ । यस कार्यक्रमले मलाई धेरै कुरा सिकाएको हुँदा यस्ता कार्यक्रममा सबै आमाहरूको पहुँच होस् भन्ने कामना गर्न चाहन्छु ।



# अपाङ्गता भत्ताले रुनाको स्वास्थ्य उपचारमा सहयोग पुगेको छ

रुना कुमारी बौद्धिक अपाङ्गता भएकी महिला हुन् । उनी परिवारसँग भंगहा नगरपालिका–१ मा बस्छिन् । बौद्धिक अपाङ्गता भएकोले उनले घर परिवार र समाजमा एक्लोपन र असहजताको सामना गर्दै बाँचिरहेकी थिइन् ।

पहुँच परियोजनाको सहयोगले रुनाको अपाङ्गता परिचय–पत्र बनाउने प्रक्रिया सुरु भयो । उनका परिवारका सदस्यलाई सामाजिक सुरक्षा भत्ता र अपाङ्गता भत्ताको विषयमा राम्ररी जानकारी थिएन । पहुँच परियोजनाले उनका अभिभावकलाई अपाङ्गता भत्ताका विषयमा बुझाउनु भयो । रुनाको अवस्थाको स्थलगत अनुगमन गरियो र आवश्यक प्रक्रियाहरू पूरा गरी रुना कुमारीले "क" वर्गको रातो अपाङ्गता परिचय–पत्र पाइन । अपाङ्गता परिचय–पत्र पाएपछि उनलाई नेपाल सरकारले प्रदान गर्दै आएको अपाङ्गता भत्ता रकम स्वरुप मासिक ३,९९० रुपैयाँ प्राप्त हुन थाल्यो । यस रकमले उनको लागि पोषणयुक्त खाना र औषधि उपचार गर्नका लागि पनि सहयोग पुगेको छ । विभिन्न चरणहरूमा मनोविमर्श सेवा प्रदान गरेपछि उनको मानसिक स्वास्थ्यमा पनि केही परिवर्तन देखिन थालेको छ ।

समूदायस्तरमा रुना कुमारी जस्ता अपाङ्गता भएका व्यक्तिहरूको हक र अधिकारको रक्षा गर्नका लागि भंगहा नगरपालिका र अन्य संस्थाहरूले निरन्तर काम गर्दै आएका छन् । यो प्रयासले रुना कुमारी जस्ता व्यक्तिहरूको जीवनमा गुणस्तरीय परिवर्तन ल्याउन महत्वपूर्ण भूमिका खेलेको छ । पहिला एक्लो र वेवास्ताको घेरमा बाचिरहेकी रुना अहिले सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न थालेपछि परिवारको उनीप्रति हेर्ने नजर परिवर्तन भई उनको स्याहारसुसारमा ध्यान थालेको छ ।


Premium
WORLDWIDE

## “बच्चाहरूको खुशी नै त हाम्रो खुशी हो, जस्तो लाग्छ“

सकुन्तला भंगहा नगरपालिका ४ मा बस्छिन् । उनको गाउँमा बालपोषण भत्ता प्राप्त गर्ने बालबालिकाका अभिभावकहरूका लागि नगरपालिका र समूदाय विकास तथा पैरवी मञ्च नेपाल नामक संस्थाले सेभ द चिल्ड्रेन नेपालको सहयोगमा अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गरेको थियो । सकुन्तला पनि त्यो कार्यक्रमको एकजना सहभागी थिईन् । साप्ताहिक रूपमा सञ्चालन हुने कक्षामा उनी नियमित सहभागी हुने गर्थिन् ।

अभिभावक कक्षामा सहभागी भएपछि आफूमा आएको परिवर्तनको बारेमा सकुन्तला यसो भन्छिन्– "कक्षामा सहभागी हुनुभन्दा पहिले म बच्चाहरूलाई चाउचाउ, बिस्कुट दिएर फकाउथेँ र मलाई पनि त्यो दिएर फकाउन सजिलो लाग्थ्यो । बच्चालाई उसको नाम भन्दा पनि मजाकमा अर्कै नामले बोलाउने गर्थे । त्यसरी बोलाउँदा बच्चाहरू अलि अप्ठ्यारो मानेको जस्तो, हेला गरेको जस्तो मान्थे तर मैले त्यसको वास्ता गर्ने गरेको थिईन । बच्चाले केही गल्ती गर्यो भने कराईहाल्ने बानी थियो । तर कक्षामा छलफल गर्दै जाँदा मलाई मैले बच्चाहरूप्रति जुन व्यवहार गरेको थिएँ त्यस्तै व्यवहार मलाई अरूले गरेको भए कस्तो हुन्थ्यो जस्तो महसुस हुन थाल्यो । मैले आफू बच्चा हुँदाको बेला सम्झें । मलाई अरूले के गर्दा खुशी मिल्थ्यो र के गर्दा दुःख लाग्थ्यो भन्ने कुरा कक्षामा छलफल भएका कुराहरूले सम्झाउन थाल्यो । आजभोलि मैले मेरो बानीलाई विस्तारै परिवर्तन गर्दैछु । बच्चाहरूलाई ठुलो स्वरले कराउन, सजाय दिन छोडेकी छु । उनीहरूले केही बिगारी हाले भने पनि सम्झाउने गर्छु । यसो गर्दा बच्चाहरू मसँग डराउँदैनन्, नजिक हुन खोज्छन्, कुरा गर्न खोज्छन् । यसले मलाई पनि खुशी मिलेको छ । "आखिर बच्चाहरूको खुशी नै त हाम्रो खुशी हो भन्ने लाग्छ ।"


High

# अभिभावक सचेतना कार्यक्रम सञ्चालनका लागि तालिम प्राप्त सहजकर्ताहरुको विवरण

| क्र.सं. | नामथर | पालिका | वडा नं. | टोल/गाउँ |
|---|---|---|---|---|
| १. | अमरिका कुमारी चौधरी | भंगहा | २ | बखरी |
| २. | इन्द्रा कुमारी चौधरी | भंगहा | २ | बखरी |
| ३. | भुवन खवास | भंगहा | ३ | भंगहा |
| ४. | सरिता कुमारी यादव | भंगहा | ३ | कटैया |
| ५. | सावित्रा दहाल | भंगहा | ४ | बिर्ता |
| ६. | कविता मण्डल | भंगहा | ५ | सितापुर |
| ७. | पवित्रा चौधरी | भंगहा | ३ | भंगहा |
| ८. | रागिनी चौधरी | भंगहा | ६ | मदनपट्टि |
| ९. | रमिता चौधरी | भंगहा | ६ | पर्सा |
| १०. | अर्चना कुमारी | भंगहा | ८ | अनारवन |
| ११. | हिरा राम | भंगहा | ८ | धर्मपुर |
| १२. | प्रगति कुमारी सिंह | भंगहा | ७ | मेघरौल |
| १३. | अजिता कुमारी मण्डल | भंगहा | ५ | सितापुर |

बाल संवेदनशील सामाजिक सुरक्षा परियोजना फिनल्याण्ड सरकारको सहयोगमा सेभ द चिल्ड्रेन फिनल्याण्ड र सेभ द चिल्ड्रेन नेपालको साझेदारीमा नेपालमा सञ्चालित परियोजना हो । स्थानीय तह तथा समुदायस्तरमा यस परियोजनाको कार्यान्वयन सामुदायिक विकास तथा पैरवी मञ्च नेपाल बर्दिबासले गरिरहेको छ ।

**प्रकाशनः**
भंगहा नगरपालिका, महोत्तरी र सेभ द चिल्ड्रेन

**कथा सङ्कलनः**
सामुदायिक विकास तथा पैरवी मञ्च नेपाल, बर्दिवास महोत्तरी

**थप जानकारीको लागि सम्पर्कः**
सेभ द चिल्ड्रेन, नेपाल कन्ट्रि कार्यालय, काठमाडौँ
सम्पर्क नं.: ०१–४५६८१३०, ४५६४८०३
इमेलः post.nepal@savethechildren.org

**सामुदायिक विकास तथा पैरवी मञ्च नेपाल, बर्दिवास महोत्तरी**
फोन नं. ०४५–५५०२८५

With support from Finland's development cooperation

Save the Children